तातोपानी गाउँपालिकाको बजेटमा

# बाल संवेदनशीलता विश्लेषण

## २०८२




तातोपानी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा

जुम्ला

कर्णाली प्रदेश, नेपाल

तातोपानी गाउँपालिकाको बजेटमा

# बाल संवेदनशीलता विश्लेषण

२०८२




तातोपानी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा

जुम्ला

कर्णाली प्रदेश, नेपाल

# १. तातोपानी गाउँपालिकाको परिचय


नेपालको संविधानको भाग ५ मा राज्यको संरचना र राज्य शक्तिको बाँडफाँड अन्तर्गत धारा ५६ अनुसार सङ्घ, प्रदेश र स्थानीय तहको व्यवस्था गरिएको छ । सोही व्यवस्था बमोजिम गठित ७५३ पालिका र ७७ वटा जिल्ला सभा मध्ये तातोपानी गाउँपालिका पनि एक हो ।उच्च पर्यटकीय सम्भावना बोकेका धार्मिक तथा ऐतिहासिक स्थलहरू, जडिबुडी र जङ्गलको खानी, पर्याप्त मात्रामा खेतीयोग्य जमिनको उपलब्धता, फलफूल खेतीको सम्भावना र स्थानीय कला र संस्कृतिको धनी पालिकाको रूपमा परिचित छ । पालिकाको संक्षिप्त परिचय निम्नानुसार राखिएको छ । राज्यले प्रदान गर्ने सेवा सुविधा र स्रोत साधनमा बालबालिकाको पनि उत्तिकै हक छ । उसो त राज्यले हरेक तहका बालबालिकामा लगानी गर्नुपर्छ, यो बालबालिकाको अधिकारको दृष्टिकोणबाट पनि महत्त्वपूर्ण छ। मुलुक सङ्घीय शासन प्रणालीमा गएपश्चात् अधिकार र राज्यको दायित्व पनि तीन तहका सरकारहरूमा बाँडिएको छ ।बालबालिका सबैको सरोकारको विषय भएकाले तीनै तहका सरकारले बालबालिकाका सर्वोत्तम हितका लागि बालबालिकाको विभिन्न क्षेत्रमा लगानी गर्न आवश्यक छ ।

नेपालको संविधानको धारा ३९(२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ भन्ने उल्लेख गरिएको छ भने धारा ३९(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ भन्ने उल्लेख गरिएको छ। अहिलेको व्यवस्था अनुरूप तीनै तहका सरकारले यो दायित्व वहन गर्नुपर्ने हुन्छ ।बालबालिका राष्ट्रिय गौरव हुन्, त्यसैले बालबालिकामा लगानी गर्नु भनेको राष्ट्रको भविष्यका लागि लगानी गर्नु हो । अहिलेका बालबालिकामा गरिने लगानीले नै प्रदेशको भविष्य निर्धारण गर्छ। आर्थिक क्षेत्रमा गरिने लगानीले तत्काल प्रतिफल दिन्छ भने बालबालिकामा गरिने लगानीको प्रतिफल भविष्यमा प्राप्त हुन्छ । बालबालिकाको भविष्यसँग घर, परिवार, समाज र समग्रमा देशको पनि भविष्य जोडिएको हुन्छ । त्यसैले बालबालिकालाई शिक्षित, सभ्य र योग्य बनाउनका लागि उनीहरूमाथि उचित लगानी गर्नुपर्छ ।

जनगणना २०७८ अनुसार कर्णाली प्रदेशको कुल जनसङ्ख्याको ४५ प्रतिशत १८ वर्ष मुनिका बालबालिकाहरूको रहेको छ ।बालबालिकामा उचित लगानी गर्नुपर्ने कुरा स्पष्ट हुन्छ । मानव विकास सूचकाङ्कका विभिन्न सूचकमा पछाडि नै रहेको जुम्ला जिल्ला तातोपानी गाउँपालिकाको अवस्था सुधार गर्नका लागि पनि बालबालिका केन्द्रीय नीति, कार्यक्रम र बजेट बनाउनुपर्ने आवश्यकता छ ।तर तातोपानी गाउँपालिकाले बालबालिकाहरूको पहुँच हुने बाल अधिकार

शासन ,बाल संरक्षण गुणस्तरीय शिक्षा,स्वास्थ्य सेवा,पोषण,शुद्ध खानेपानी तथा सरसफाइ,हिंसा दुर्व्यवहार शोषण हुनबाट संरक्षण,परिवार विहीनहरूको उचित संरक्षण आदिमा गर्न अपरिहार्य छ ।

## १.१ भौगोलिक स्थिति, सिमाना




कर्णाली प्रदेश अन्तर्गत जुम्ला जिल्ला भित्रका आठ वटा स्थानीय तहमध्ये तातोपानी गाउँपालिका प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा पर्यटकीय दृष्टि कोणले भरिपूर्ण छ । २८º५८" देखि उत्तरी अक्षांश सम्म, ८१º५१" पूर्वी देशान्तर सम्म फैलिएको पालिकाको कुल ५२५.५१ वर्ग कि.मि. छ । तातोपानी गाउँपालिकालाई पूर्वबाट चन्दननाथ नगरपालिका, पश्चिमबाट तिला गाउँपालिका उत्तरबाट सिञ्जा गाउँपालिका र दक्षिणबाट जाजरकोट जिल्लाले घेरेको छ ।

## १.२ जनसङ्ख्या तथा सामाजिक सांस्कृतिक संरचना

राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदन अनुसार गाउँपालिकाको कूल जनसङ्ख्या १५,५७५ जना रहेको छ । जसमा महिला ७,८७६ र पुरुष ७,६९९ रहेको छ । परिवारको औसत आकार ४.६९ जना छ । त्यसै गरी लैङ्गिक अनुपात ९७.७५, वार्षिक जनसङ्ख्या वृद्धिदर ०.६० प्रतिशत र जनघनत्व ३० जना प्रति वर्ग किलोमिटर रहेको छ । साक्षरता दर ७०.२७ प्रतिशत छ जसमा पुरुषको ७८.४० प्रतिशत र महिलाको ६२.७२ प्रतिशत छ । गाउँपालिकामा विशेष गरी ब्राह्मण, क्षेत्री, दलित र केही ठकुरीहरूको बसोबास रहेको छ र दशैं, तिहार र पैठ मुख्य चाडपर्व हुन । अधिकांश जनसङ्ख्या कृषि पेसामा आबद्ध छन् भने केही नोकरी र व्यापारमा समेत संलग्न छन् । मार्सी, स्याउ, सिमी र ओखर लगायतका कृषि उपज क्षेत्रको रूपमा परिचित छ ।

## २. बाल संवेदनशीलता बजेट, नीतिगत अवस्था र यसको औचित्य

बालबालिकामा लगानी गर्नु भनेको मानव पुँजीमा लगानी गर्नु हो । भविश्यका लागि लगानी गर्नु हो।घर परिवार, समाज, र देशको भविष्य उज्ज्वल बनाउन अहिले नै बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षण र सहभागितामा लगानी गर्नुपर्दछ । बालबालिकालाई लगानी गर्नु भनेको आर्थिक लगानी मात्रै होइन । उनीहरूको हेरचाह, सिकाई र सामाजिकीकरण ध्यान दिनु पनि लगानी नै हो । बालबालिकालाई लगानी गरियो भने उनीहरूले राम्रोसँग हुर्कन सिक्ने, र योग्य मान्छे बन्ने अवसर पाउँछन् । त्यसैले अहिले बालबालिकामा गरिएको लगानीले भविष्यमा राम्रो प्रतिफल दिन्छ । यस्तो लगानीले बालबालिका सुरक्षित हुन्छन् भने गाउँपालिका हुँदै देशकै भविष्य सुरक्षित हुन्छ ।

नेपालले संयुक्त राष्ट्र सङ्घको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई अनुमोदन गरेको छ । उक्त महासम्धीले बालबालिका तथा किशोर किशोरीका आधारभूत आवश्यकताहरूलाई आर्थिक र सामाजिक तथा मौलिक अधिकारका रूपमा अनुमोदन गरेको छ । साथै राज्य तथा सरकारले यी अधिकारहरूलाई श्रोत र साधनले उपलब्ध भएसम्म सुनिश्चित गर्नुपर्ने भनी स्थापित पनि गरेको छ । यसै गरी नेपालको संविधान, २०७२ को धारा ३९ को उपधारा २ मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ भन्ने उल्लेख गरिएको छ । भने धारा ३९ को उपधारा ३ मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ भन्ने उल्लेख गरिएको छ । बाल विकासको कुरा गर्दा लगानीको कुरा स्वतः जोडिएर आउँछ । नेपालमा बाल विकासका लागि राज्यले उचित बजेटको प्रबन्ध भने गर्न सकेको तातोपानी गाउँपालिकाले पनि बालबालिकाहरूको क्षेत्रमा आ.व. २०८०/०८१ मा कुल बजेटको १९।४१ प्रतिशत बजेट विनियोजन गरेको थियो भने आ.व. २०८१/०८२ मा कुल बजेटको २४।८७ प्रतिशत बजेट विनियोजन गरेको थियो यस आर्थिक वर्ष २०८२/०८३ मा २७।८५ प्रतिशत बजेट विनियोजन गरेको पाइएको छ तर बालबालिकाहरूको क्षेत्रमा प्रत्यक्ष काम गर्ने महिला ,बालबालिका तथा ज्येष्ठ नागरिक शाखालाई असाध्यै न्यून रकम छुटाएको देखिन्छ । यति न्यून बजेट विनियोजन गरेर महिला तथा बालबालिका कसको कति हित र विकास गर्न सकिन्छ यो सोचनीय छ।

नेपालमा बाल अधिकारको सुनिश्चितता गर्दै बालबालिकाको हितमा कार्य गर्न बालबालिका सम्बन्धी ऐन, २०७५ को तर्जुमा गरिएको छ । ऐनको परिच्छेद २ मा बालबालिकाको अधिकार शीर्षकमा विभिन्न १५ थरी अधिकारहरूको सुनिश्चितता गरिएको छ ।ऐनमा बालबालिकाप्रति घरपरिवार र राज्यको दायित्वका बारेमा पनि उल्लेख गरिएको छ । यसै गरी बाल अधिकार तथा बाल

कल्याण सम्बन्धी संस्थागत व्यवस्था पनि गरिएको छ । ऐनमा गरिएको यस्तो व्यवस्थाले बाल अधिकार सुनिश्चित गर्दै बालबालिकाको सर्वाङ्गीण विकासमा टेवा पुग्ने विश्वास गरिएको छ ।

बालबालिकाहरूको मस्तिष्कको विकास सुरुवाती वर्षहरूमा तीव्र गतिमा हुने तथ्य प्रमाणित छ त्यस कारण प्रारम्भिक बाल विकासका गुणस्तरीय कार्यक्रमहरूमा लगानी गरिने हरेक १ अमेरिकी डलरले भविष्यमा ६ देखी १७ गुणसम्म प्रतिफल दिने गर्दछ । यस कारण पनि बालबालिकामा लगानी गर्नु आवश्यक छ । लगानी को अर्थ पैसा खर्च गर्नु मात्रै होइन, उनीहरूको हेरचाह, शिक्षा र स्वास्थ्यको विकासमा ध्यान दिनु पनि हो । बालबालिका स्वस्थ, शिक्षित र सभ्य भए भने असल नागरिक बन्नेछन् । असल नागरिकले गाउँपालिका तथा देशले सुख, शान्ति र समृद्धिमा योगदान गर्न सक्छन् ।

गर्भावस्था देखी दुई वर्षसम्मको समयावधि अर्थात् बालबालिकाको सुरुका १ हजार दिनहरूमा दिइने उचित हेरचाह र पोषणले उनीहरूको हुर्कने, सिक्ने र गरिबीबाट उम्किन सक्ने क्षमतामा ठुलो प्रभाव पार्छ । परिवार,समुदाय र देशकै गरिबिको चक्र बालबालिकामा लगानी गर्नुको अर्थ उनीहरूलाई पैसा कमाउन सक्ने बनाउनु मात्रै होइन । उनीहरूको चारित्रिक र नैतिक विकासमा पनि ध्यान दिनुपर्छ । संसार नै भौतिक सुखको पछि दौडेको अवस्थामा मानवीयता सङ्कटमा पर्न थालेका छ । पैसाकै पछि लाग्नाले हुर्केका छोराछोरीले बुढा भएका आमाबुबालाई नहेर्ने प्रवृत्ति बढेको छ । बुढा बाबुआमाको पालनपोषणका लागि पनि कानुनले नै बाध्य पार्ने पर्ने अवस्था सिर्जन भएको छ ।यस्तो अवस्था सिर्जना हुनु राम्रो होइन । बालबालिकाको नैतिक शिक्षामा लगानी गर्ने हो भने उनीहरूमा घर, परिवार, समाज र देशप्रतिको उत्तरदायित्व बोध गराउन सहज हुनेछ ।

ज्ञानकोशको क्षेत्रमा हरेक दिन नयाँ नयाँ आविष्कार भइरहेका छन् । यस्तो आविष्कारलाई जीवनमा आत्मसात् गर्न सके मात्रै हाम्रो जीवन सहज, सुखी र समृद्ध बन्छ । अनि हामी सक्षम नागरिक बन्न सक्छौ । यसका लागि सर्वप्रथम समय अनुकूलको शिक्षा, संरक्षण, स्वास्थ्य र सहभागिताको आवश्यकता पर्छ । यसका लागि बालबालिकालाई राज्यले उचित लगानी गर्नुपर्दछ । अहिलेको घरनजिकको राज्य भनेको नै स्थानीय सरकार अथवा तातोपानी गाउँपालिका हो । अहिले बालबालिका माथि लगानी गर्न कन्जुस्याइँ गरियो भने यसले समग्र गाउँपालिका र देशको भविष्यमाथि खेलबाड अथवा बेइमानी गरेको ठहरिन्छ ।

प्रतिफलको आशा गर्ने हो भने बालबालिकामाथि गाउँपालिकाले लगानी गर्नुपर्छ र अहिलेकै अवस्थामा रहनु हुँदैन । वार्षिक बजेट विनियोजनको बेला बालबालिकाहरूको सहभागितामा कुल बजेटमा कम्तीमा २० प्रतिशत बजेट विनियोजन र प्रभावकारी कार्यान्वयन गर्नुपर्ने अवस्था आएको

छ। बालबालिकाहरूको क्षेत्रमा बजेट छुटाउने अर्थात् लगानीमा कन्जुस्याइँ गर्ने हो भने चाहेको प्रतिफल पाउन सकिन्न । सुन्तला खान सुन्तलाकै बीउ रोप्नुपर्छ । कागतीको बीउ रोपेर सुन्तला फल्ने आशा गर्नु मूर्खता मात्रै हुन्छ । त्यसैले बालबालिकामा उचित लगानी गर्नुपर्छ । बालबालिकाका लागि घर, परिवार, समाज र गाउँपालिकाले गर्ने समय, श्रम र पुजी लगानीले भोली अवश्य सुख, शान्ति र समृद्धिसहितको सुनौलो बिहानी आउनेछ भन्ने हेतुका साथ यस गाउँपालिकाले बालबालिकाहरूको क्षेत्र के, कसरी, कति बजेट विनियोजन गरेको छ ? यसको विश्लेषण गर्न आवश्यक देखिएकाले तातोपानी गाउँपालिका भित्र क्रियाशील I/NGOs, नागरिक समाज, जिल्ला स्थित पत्रकार र नागरिक समाजको सक्रियतामा तातोपानी गाउँपालिकामा बाल संवेदनशीलता एक विश्लेषण, २०८२ प्रकाशन गर्न लागिएको हो ।

## ३. तातोपानी गाउँपालिकामा बाल संवेदनशीलता बजेट विश्लेषणको उद्देश्य

क) बालबालिकाका आवश्यकताहरू प्रति तातोपानी गाउँपालिका संस्थागत रूपमा कति संवेदनशील छ र बजेट विनियोजनको परिमाणात्मक र प्रवृत्तिगत अवस्थाको समीक्षा र विश्लेषण गर्ने ।

ख) पालिकामा बाल संवेदनशील योजना तथा कार्यक्रमका लागि बजेट विनियोजन र वास्तविक खर्च बिचको अन्तर पहिचान गर्दै व्यवस्थापन र खर्च प्रक्रियामा आगामी दिनमा क्षमता वृद्धि गर्ने ।

ग) समृद्धिका आधारका रूपमा रहेका बालबालिकाको अवस्था सुधार गर्न वस्तुगत आवश्यकताहरू सम्बोधन एवं परिपूर्ति गर्न तातोपानी गाउँपालिका र विकास साझेदार निकायहरूलाई वस्तुगत, तार्किक र गतिशील सूचना उपलब्ध गराउँदै सक्षम र संवेदनशील बनाउन तार्किक सहयोग गर्ने ।

घ) तातोपानी गाउँपालिकामा बालमैत्री स्थानीय शासन प्रणाली सुनिश्चित गर्न बाल अधिकारमा आधारित बाल संवेदनशील बजेट तथा कार्यक्रमहरूका साथै उपयुक्त कानुन, नीति, प्रणाली र संरचनाहरूको विकास तथा गतिशील रूपमा परिचालन गर्न सहयोग गर्ने ।

## ४. अध्ययनको आधार, विधि तथा प्रक्रियाहरू

तातोपानी गाउँपालिकामा बाल संवेदनशीलता बजेटको अध्ययनका लागि प्रक्रियागत रूपमा कुनै पनि क्षेत्रको अध्ययन, अनुसन्धान गरी निष्कर्षमा पुग्नु आफैमा एक गहन विषय हो । जसका लागि अध्ययन गर्ने विषय सँग सम्बन्धित सरोकारवाला निकायहरू सँगको सु–सम्बन्ध स्थापना, स्थानीय सरकारको अनुमति, तथ्याङ्क सङ्कलन विधि, विश्लेषण प्रक्रिया र निष्कर्ष अपरिहार्य मानिन्छ । यो प्रतिवेदन तयारी गर्दा माथिका सबै प्रक्रियाहरू अवलम्बन गरिएको छ । जसमा

जुम्ला जिल्लाका सबै स्थानीय तहहरू मध्ये तातोपानी गाउँपालिका बालबालिकाको क्षेत्रमा काम गर्दा विशेष ध्यान दिने एक अग्रणी स्थानीय तह हो । वर्तमान समयमा बालबालिका सम्बन्धी नयाँ ऐन तथा स्पष्ट व्यवस्थाका अन्योलका बाबजुद पनि यस गाउँपालिकाले बालबालिकाको क्षेत्रमा विभिन्न क्रियाकलापहरू गर्दै आएको परिपक्षमा यो प्रतिवेदन तयार गर्ने गाउँपालिकाले स्वयंले अपनत्व लिएका कारण यसको मूर्त रूप दिन सकिएको हो । यो प्रतिवेदन तयारीका लागि सुरुमा स्थानीय तहका पदाधिकारी, विषयगत शाखा प्रमुख, बाल क्लब, नागरिक समाजका प्रतिनिधि, सरोकारवाला निकाय, बालबालिकाको क्षेत्रमा कार्यरत गैह्र सरकारी संस्थाका प्रतिनिधि बिच एक अन्तरक्रिया कार्यक्रम गरिएको थियो । तत्पश्चात् सामूहिक कार्य योजना निर्माण गरी आवश्यक सूचनाहरू सङ्कलन गर्न जिल्ला नागरिक समाज मार्फत गाउँपालिकामा गई उपलब्ध गराउने, प्राविधिक तथा आर्थिक सहयोग विकास साझेदार संस्था किर्डाक नेपाल र सेभ द चिल्ड्रेनले गर्ने र अन्य आवश्यक सूचना तथा जानकारी आवश्यक भएमा अन्य गाउँपालिका क्षेत्रभित्र कार्यरत विषयगत शाखाबाट सहयोग लिने भन्ने सहमतिका आधारमा यस प्रक्रियालाई अगाडी बढाइएको हो । जसअनुसार आर्थिक वर्ष २०८०/८१, २०८१/८२ र २०८२/०८३ को बजेट विवरण गाउँपालिकाले उपलब्ध गराएको हो । यसका अतिरिक्त जुन उद्देश्यका साथ बालबालिकाको क्षेत्रमा बजेट विनियोजन भएको हो सो अनुरूप खर्च हुन सक्यो वा सकेन ? के कस्ता क्रियाकलापहरू गरिए ? बालबालिकाका सहभागिता कस्तो थियो ? बालबालिकाका समस्या वास्तवमा समाधान भए ? कस्ता-कस्ता खालका उपलब्धिहरू हासिल भए भन्ने बारेमा बाल क्लबका भाइ बहिनीहरूसँग छलफल गरियो । बालबालिकाको क्षेत्रमा बजेट आवश्यक छ वा छैन भन्ने बारेमा शिक्षक, बुद्धिजीवी, सामाजिक अभियन्तासँग अन्तरवार्ता गरी आएको निष्कर्षका साथै सरोकारवाला निकायहरूको पृष्ठपोषण, सुझाव सल्लाह र विमर्शका आधारमा यस प्रतिवेदनलाई अन्तिम रूप दिइएको छ ।

- ✓ तातोपानी गाउँपालिकाको बाल बजेट विश्लेषण गर्न किर्डाक नेपाल सँग प्रतिवेदन तयार गर्न सम्झौता गरियो ।
- ✓ कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र किर्डाक नेपाल  र सहजकर्ता बिच कार्यक्षेत्रगत सर्त बारे सहमति गरियो ।
- ✓ गाउँपालिकाका बालमैत्री कानुन तथा नीतिबारे सूचना सङ्कलन गरियो ।
- ✓ गाउँपालिकाका गत आ.व.को स्वीकृत कार्यक्रम र बजेट तथा भएको खर्च सम्बन्धी सूचना सङ्कलन गरियो ।
- ✓ गाउँपालिकाको कार्यक्रम र बजेट निर्माण तथा बजेट कार्यान्वयन प्रक्रिया र बालबालिकाको सहभागिता सम्बन्धी अवस्था सम्बन्धी जानकारी लिइयो र जिम्मेवार पदाधिकारीहरू सँग छलफल गरियो ।

✓ गाउँपालिकाको बालबालिका सम्बन्धी कानुन तथा नीतिहरू, कार्यक्रम र बजेट निर्माण तथा बजेट कार्यान्वयन प्रक्रिया र बालबालिकाको सहभागिता सम्बन्धी अवस्थाको विश्लेषण गरियो ।

✓ स्थानीय तहको बालबालिका सम्बन्धी कानुन तथा नीतिहरू, कार्यक्रम र बजेट निर्माण तथा बजेट कार्यान्वयन प्रक्रिया र बालबालिकाको सहभागिता सम्बन्धी कानुनी प्रावधान र वस्तुगत अवस्था बिचको खाडल पहिचान गरियो ।

## ५. अध्ययनका सीमाहरू

- यो अध्ययन स्थानीय सरकारले उपलब्ध गराएको आ.व. २०८०/०८१ देखि आ.व. २०८१/०८२-२०८२/०८३ को रातो रातो किताब (Red book) मा आधारित छ ।
- यो अध्ययन ३ वटा आर्थिक वर्षमा मात्र केन्द्रित छ ।
- यो अध्ययनले बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता, संस्थागत विकास र भौतिक पूर्वाधारको क्षेत्र गरी ६ वटा क्षेत्रमा रहेर विश्लेषण गरिएको छ ।

## ६. तातोपानी गाउँपालिका बजेट विश्लेषण गर्दाका सरोकारवालाहरू



## ७. तातोपानी गाउँपालिकामा बालबालिका सम्बन्धी सबल पक्ष, चुनौती र अवसरहरू

| सबल पक्षहरू | अवसर | प्रमुख चुनौतीहरू |
| --- | --- | --- |
| ▪ बालबालिकासङ सम्बन्धित काम गर्ने विभिन्न निकायहरू बिच सहकार्य र समन्वयको वातावरण सुरु भएको ।<br>▪ बालबालिकाहरूको विषय प्रति संवेदनशील र निर्णय प्रक्रियामा सहभागिता बढेको ।<br>▪ समुदाय तथा विद्यालय स्तरमा बाल क्लव र बाल सञ्जाल गठन भएका ।<br>▪ बालमैत्री स्थानीय शासन र बाल संरक्षण सम्बन्धी अभिमुखीकरण एवं सचेतीकरण भएको ।<br>▪ वडा र गाउँपालिका बालमैत्री घोषणाको लागि प्रतिबद्धता आएको ।<br>▪ बालबालिकाको लागि बजेट वृद्धि गर्दै विनियोजन गर्ने प्रतिबद्धता आएको ।<br>▪ स्वास्थ्य संस्थामा किशोर किशोरी मैत्री कार्यक्रम, मातृत्व सेवा लगायत विभिन्न कार्यक्रम सञ्चालन भएका ।<br>▪ बालमैत्री, विद्यालय शान्ति क्षेत्र तथा शैक्षिक सुधार गर्दै सुदृढ विद्यालयको अवधारणा कार्यान्वयन भई रहेका ।<br>▪ विद्यालयहरूमा वालमैत्री शिक्षण सामग्रीहरूको व्यवस्था भई रहेका । | ▪ नेपालको संविधान, २०७२ बालबालिका लागि उत्कृष्ट<br>▪ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बालबालिका सम्बन्धी प्रावधानहरू<br>▪ बालबालिका सम्बन्धी ऐन २०७५<br>▪ बालबालिका सम्बन्धी नेपालका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय प्रतिबद्धताहरूका साथै गाउँपालिकाको प्रतिबद्धताहरू<br>▪ कर्णाली प्रदेशको प्रथम आवधिक योजना, छोरी सुरक्षा योजना र नीति तथा कार्यक्रम<br>▪ बालमैत्री स्थानीय शासन सञ्चालनको लागि संस्थागत व्यवस्था (सङ्घ, प्रदेश, स्थानीय तह, वडा र समुदाय)<br>▪ स्थानीय तहको योजना तर्जुमाका लागि सङ्घ र प्रदेशका मार्गदर्शनमा बालबालिकाको अधिकार सुनिश्चित गर्ने योजनालाई उच्च प्राथमिकता जस्ता कानुनी र नीतिगत व्यवस्था | ▪ बालबालिका क्षेत्रमा बजेट विनियोजन गर्नै पर्ने बाध्यकारी ब्यवस्था नहुनु र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा यो प्रावधानको व्यवस्था नगर्नु ।<br>▪ समग्र बालबालिकाहरूको चौतर्फी विकासका लागि गाउँपालिकाको रणनीति सहितको कार्य योजना नहुनु<br>▪ बालबालिका विरुद्ध विभिन्न हिंसाहरू (कुटपिट, दण्ड सजाय, बालविवाह, यौन दुर्व्यवहार, जातीय भेदभाव तथा छुवाछुत, छाउपडी प्रथा,) हरू कायमै रहनु<br>▪ सङ्घ, प्रदेश र गाउँपालिकाको बालबालिका प्रति गरेको प्रतिवद्धताहरू कार्यान्वयन नहुनु,<br>▪ गाउँपालिका मार्फत बनेका नीति, रणनीति, कार्यनीति, कार्य योजनाहरूको प्रभावकारी कार्यान्वयन नहुनु ।<br>▪ बालबालिका सम्बन्धी खण्डीकृत वास्तविक तथ्याङ्कहरूको वडा तथा पालिकामा |

| सबल पक्षहरू | अवसर | प्रमुख चुनौतीहरू |
|---|---|---|
| ▪ वाल विकास केन्द्रहरूको सुदृढीकरणका प्रयास भइरहेका ।<br>▪ विद्यालयका शिक्षक र वाल विकास केन्द्रका सहयोगीहरूको नियमित क्षमता विकास भई रहेका<br>▪ गाउँपालिकाले नियमित र तोकिएकै समयमा गाउँ सभा सम्पन्न, समयमै बजेट तथा कार्यक्रम स्वीकृत, समीक्षा बैठक तथा सार्वजनिक सुनवाइ सम्पन्न गरेको ।<br>▪ बालबालिका सम्बन्धी कार्यक्रममा विकास साझेदार संस्थाहरूको लगानी निरन्तर रहेको ।<br>▪ बाल विवाह, बाल शोषण, बाल श्रम, बाल हिंसा विरुद्धका अभियान सञ्चालन भई रहेका ।<br>▪ जन्म दर्ता अभियान कार्यक्रम सञ्चालन भएको ।<br>▪ स्थानीय तहका वडा भन्दा तलका योजना तर्जुमा निर्णय प्रक्रियामा बाल सहभागिता रहने गरेको ।<br>▪ बालमैत्री नीति, कार्यविधि, रणनीतिहरू तयार भई कार्यान्वयन भएका<br>▪ बाल संरक्षण नीति, बालविवाह न्यूनीकरण सम्बन्धी रणनीति योजना, बालबालिका विरुद्ध हुने हिंसा न्यूनीकरण सम्बन्धी बहुपक्षीय योजना ,शिक्षा नीति, शिक्षा ऐन, सुरक्षित विद्यालय | ▪ तातोपानी गाउँपालिकाको नीति तथा कार्यक्रमहरू<br>▪ सहयात्रा परियोजना लगायत बालबालिकाको क्षेत्रमा बढ्दो सहयोग र श्रोत परिचालन<br>▪ बालबालिका प्रतिको सामाजिक मान्यता सकारात्मक र मैत्रीपूर्ण बन्दै<br>▪ विकास साझेदार र लगानीकर्ताहरू बिच समन्वय, सहयोग र सहभागितामा वृद्धि<br>▪ स्थानीय स्तरमा मानवीय र प्राविधिक श्रोतहरूको उपलब्धतामा वृद्धि<br>▪ बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७९, बालविवाह निरुत्साहित कार्यविधि, २०८१, बाल सहभागिता कार्यविधि, २०८१, सबै प्रकारका हिंसा न्यूनीकरण सम्बन्धी कार्यविधि, २०८१<br>▪ बालबालिका विरुद्ध हुने हिंसा न्यूनीकरण सम्बन्धी बहु क्षेत्रीय योजना २०८१,<br>▪ गाउँपालिकाको शिक्षा नीति तथा शिक्षा सम्बन्धी ऐनहरू | दस्तावेजीकरण प्रणाली नहुनु<br>▪ बालबालिका प्रतिका समुदाय स्तरमा नकारात्मक सोच र बुझाई<br>▪ विद्यालय र शिक्षण संस्थामा कक्षा कोठा, पर्याप्त मात्रामा फर्निचर, खेल मैदान, शैक्षिक सामग्री, स्वच्छ खानेपानी तथा शौचालयको कमी<br>▪ विद्यालय प्रति अभिभावकको माया र निगरानीको कमी<br>▪ शिक्षामा प्रभावकारी अनुगमन संयन्त्रको विकास नहुनु<br>▪ परिवार समाज र गाउँपालिकाबाटै बालबालिकाको क्षेत्रमा लगानी कमी हुनु<br>▪ बाल अधिकारको अनुगमन प्रणाली व्यवस्थित नहुनु<br>▪ वडा तथा पालिका स्तरमा गठित बाल संरक्षण संरचना र प्रणालीको दिगोपना र सशक्तीकरणका लागि गाउँपालिकाको योजना तथा बजेट नहुनु<br>▪ जोखिम अवस्थामा रहेका बालबालिकाहरूको सङ्ख्या बढी हुनु र |

| सबल पक्षहरू | अवसर | प्रमुख चुनौतीहरू |
| --- | --- | --- |
| सम्बन्धी रणनीति योजना, स्वास्थ्य क्षेत्रको पहुँचमा नपुगेकाहरूका लागि स्वास्थ्य क्षेत्रको पहुँचमा पुराउनका लागि रणनीति तथा कार्य योजना जस्ता नीतिगत व्यवस्था भएका | ▪ गाउँपालिका मार्फत प्रत्येक वर्ष बालबालिकाहरूका क्षेत्रमा लगानी बढाउने गरेको र प्रतिबद्धता | उनीहरूलाई जोखिमबाट मुक्त गराउनका लागि कार्य योजना सहितको गाउँपालिकामा बजेट नहुनु । |

## ८. बाल अधिकार कार्यान्वयनसँग सम्बन्धित समस्याहरू

| बाल बनावट | बाल संरक्षण |
| --- | --- |
| ❖ बालबालिकाको पोषण स्थितिमा अपेक्षित सुधार हुन सकेको छैन ।<br>❖ जनस्तरमा विशेष गरी आमाहरूमा चेतनाको कमी रहेको छ ।<br>❖ उपलब्ध स्वास्थ्य सेवा पनि गुणस्तरीय हुन सकेको छैन ।<br>❖ मानसिक स्वास्थ्य उपचार र परामर्शको कमी ।<br>❖ किशोर किशोरीहरूको स्वास्थ्य सम्बन्धी समस्यालाई पर्याप्त मात्रामा सम्बोधन गर्न सकिएको छैन ।<br>❖ बालबालिकाका बारेमा भरपर्दो, अद्यावधिक, लिङ्गका आधारमा छुटाइएको खण्डीकृत तथ्याङ्कको आधारमा प्रगतिको अनुगमन र सोही आधारमा बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन तथा प्राप्त उपलब्धिको अनुगमन गर्न सकिएको छैन ।<br>❖ राष्ट्रिय एचआईभी तथा एड्स नीति अनुरूप सम्पूर्ण बालबालिकाहरूका लागि उमेर अनुरूप उपयुक्त हुने गरी आधारभूत न्यूनतम प्याकेज उपलब्ध हुन सकेको छैन । | ❖ बाल अधिकार प्रतिको जन प्रतिनिधि र सरोकारवालाहरूको संवेदनशीलता अझैं न्यून रहेको ।<br>❖ बाल संरक्षणसँग सम्बन्धित नीति तथा रणनीतिहरूको कार्यान्वयन पक्ष प्रभावकारी हुन सकेको छैन ।<br>❖ वडा बाल संरक्षण समितिका भूमिकाहरूलाई स्पष्ट पारी जिम्मेवारी प्रदान गर्न समेत सकिरहेको अवस्था देखिँदैन ।<br>❖ अनौपचारिक क्षेत्रको बालश्रमका समस्याहरू पूर्ण रूपमा सम्बोधन भएका छैनन् । फलस्वरूप अनौपचारिक क्षेत्रको बालश्रम बाल संरक्षणका क्षेत्रमा थप चुनौतीका रूपमा रहेको छ ।<br>❖ पर्याप्त सचेतना नभएका कारण सामाजिक सेवा सम्बन्धी योजनाहरूबाट बालबालिका तथा संरक्षकहरूले पर्याप्त लाभ पाउन सकिरहेका छैनन् ।<br>❖ अत्यधिक गरिबी र हिंसाले शारीरिक तथा मानसिक विक्षिप्तता निम्त्याएको छ ।<br>❖ विपद् तथा महामारी र ऋणको भारले समग्र परिवार र विशेष गरी वाल संरक्षण जोखिममा । |

| | |
|---|---|
| ❖ उमेर अनुसार अपरिपक्व बालबालिकाहरूलाई स्याहार सुसार र सरसफाइको कमी<br>❖ सफा पिउने पानीको समस्या ।<br>❖ ज्ञात, अज्ञात जीवाणु, ब्याक्टेरिया र भाइरसको प्रतिकार्य र तयारी कम छ ।<br>❖ सबै विद्यालयमा छात्रा छात्रमैत्री शौचालय नहुनु र पानीको अपर्याप्तता<br>❖ बालबालिकालाई खुवाउने पोषणयुक्त खानाको महत्त्व जानकारी नहुनु<br>❖ पोषणयुक्त खाना तयारी गर्ने ज्ञान तथा सीपको कमी<br>❖ असहाय, अनाथ तथा अपाङ्गता भएका बालबालिकाहरूलाई सहयोग गर्ने पर्याप्त योजना नहुनु<br>❖ बालबालिकाको मनो सामाजिक परामर्श को कमी | ❖ बालमैत्री न्याय प्रणालीको माध्यमद्वारा पर्याप्त रूपमा बालबालिकाका वाल विज्यांईका सवालहरू सम्बोधन हुन सकेका छैनन् ।<br>❖ सामाजिक सञ्जालको दुरूपयोगबाट हिंसाका नयाँ रूपहरू देखिएका ।<br>❖ बाल संरक्षण, खास गरी समाज कल्याण, सुरक्षा तथा न्याय प्रणाली, शैक्षिक सेवा तथा स्वास्थ्य सेवाका सम्बन्धमा केन्द्रीय तथा स्थानीय तहका विभिन्न संस्थाहरूको भूमिका तथा जिम्मेवारीलाई स्पष्ट रूपमा परिभाषित गर्न सकिएको छैन ।<br>❖ विकासका साझेदारहरूद्वारा सहयोग उपलब्ध गराइएका र गैरसरकारी सङ्गठनहरू र सरकारी संस्थाहरूद्वारा कार्यान्वयन गरिएका परियोजनाहरूका बिचमा समन्वयको अझै कमी रहेको छ ।<br>❖ बालबालिका माथि गरिने विभेद यथावतै रहेको छ ।<br>❖ बालबालिका माथि हुने दुर्व्यवहारका कारण शारीरिक तथा मानसिक समस्याको असरले पार्ने दीर्घकालीन प्रभाव बारे अभिभावकमा पर्याप्त जानकारी नहुनु । |
| **बाल विकास** | **बाल सहभागिता** |
| ❖ शान्ति क्षेत्रका रूपमा बालबालिका तथा शान्ति क्षेत्रका रूपमा विद्यालय सम्बन्धी कार्यक्रमहरूको विस्तार र कार्यान्वयन हुन सकेको छैन ।<br>❖ सामाजिक सञ्जालको दुरूपयोगबाट सृजनशीलतामा कमी<br>❖ शिक्षाको गुणस्तर तथा विद्यालयमा बालमैत्री वातावरण पनि पर्याप्त रूपमा कायम हुन सकेको छैन ।<br>❖ बजेटको आकार सानो र परिवार तथा समुदाय तहमा गरिबी कायमै रहेको छ | ❖ कानुनले उजागर गरे अनुसार घर परिवार, समुदाय, विद्यालय, स्थानीय सरकार, विकास साझेदार निकाय, स्वास्थ्य केन्द्र आदिमा बालबालिकाहरूको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्नुपर्नेमा सो कार्य व्यवस्थित हुन सकेको छैन ।<br>❖ बालबालिकाको सञ्जालको रूपमा बाल क्लब रहे तापनि उनीहरूको निर्भरता विकासका साझेदार माथि रहेकोले स्थानीय क्लबहरूको दिगोपना हुन सकेको छैन ।<br>❖ बालबालिकाका अधिकारहरू सुनिश्चित गर्ने खालका कानुन तथा सम्बद्ध नीतिहरूका |

| | |
|---|---|
| जुन प्रभावकारी बाल विकास कार्यका लागि चुनौतीका रूपमा देखिन्छ ।<br>❖ गुणस्तरीय विद्यालय शिक्षाका लागि न्यूनतम मापदण्डको विकास गर्न सकिएको छैन ।<br>❖ विद्यालय शिक्षामा लैङ्गिक समताको प्रत्याभूत हुन सकेको छैन ।<br>❖ अर्थपूर्ण र जीवनोपयोगी सीप केन्द्रित शिक्षाको विस्तार र प्रवर्द्धन हुन सकेको छैन ।<br>❖ विद्यालयमा बालमैत्री शिक्षण सिकाइ वातावरणको विकास र विस्तार हुन सकेको छैन ।<br>❖ बाल अधिकारको दृष्टिकोणबाट शिक्षक, प्रारम्भिक बाल शिक्षा प्रशिक्षक समेतको हैसियत, मनोबल, तालिम क्षमता र व्यावसायिकताको वृद्धि हुन सकेको छैन ।<br>❖ बाल अधिकारमुखी दृष्टिकोणबाट विद्यालय पाठ्यक्रम, पाठ्यपुस्तक, तालिम सामग्रीहरू (दण्ड हिंसारहित शिक्षण पद्धतिहरू, शान्त शिक्षा) अभिभावक, समाज र विद्यालय व्यवस्थापन समिति समेतका लागि पुनरावलोकन र परिमार्जन हुन सकेको छैन ।<br>❖ विद्यालयमा खेलकुद तथा मनोरञ्जनका गतिविधिहरू सञ्चालन नगर्नु ।<br>❖ विद्यालयमा अतिरिक्त क्रियाकलापहरू सञ्चालन नहुनु ।<br>❖ अपाङ्गतामैत्री शिक्षण सिकाई नहुनु ।<br>❖ घर परिवार र विद्यालयमा प्रविधि मैत्री वातावरण नुहुनु | बारेमा सामुदायिक सचेतना र सक्रियताको स्तर पनि न्यून रहेको छ ।<br>❖ बाल क्लबहरूबाट युवा क्लबहरूमा रूपान्तरण सम्बन्धी योजना तर्जुमा तथा उनीहरूको क्षमताको पूर्ण उपयोग हुन सक्ने अवस्था सिर्जना हुन सकेको छैन ।<br>❖ बाल क्लब तथा तिनका सञ्जालहरूको अनुसरण तथा अनुगमनका लागि संयन्त्र निर्माण हुन सकेको छैन ।<br>❖ अनुगमन तथा मूल्याङ्कन कार्य प्रभावकारी ढङ्गले अगाडि बढाउन सकिएको छैन ।<br>❖ समयानुकूल र सकारात्मक सूचना तथा सञ्चार प्रणालीको उपयोग हुन सकिरहेको छैन ।<br>❖ बालमैत्री सरोकारवालाहरूको भूमिकामा प्रष्टता, सरोकारवालाबाट स्रोत परिचालनमा समन्वय, विषयगत क्षेत्रहरूबिच प्रभावकारी एवं कार्यगत तथा गतिशील समन्वयको कमी रहेको छ ।<br>❖ वडा, स्थानीय तह प्रदेश र सङ्घीय तहमा बाल क्लबहरू अन्तर सम्बन्धित सञ्जाल नहुनु ।<br>❖ बजेट विनियोजन योजना तर्जुमा प्रक्रियामा बाल सहभागिता प्रति चासो नदिनु र बाल संवेदनशील नहुनु ।<br>❖ मानवीय स्रोत र सीमित बजेट ।<br>❖ बालबालिका सम्बन्धी सूचना एवं तथ्याङ्क व्यवस्थित तथा अद्यावधिक नहुनु ।<br>❖ बालबालिकाको क्षेत्रमा काम गर्ने निकायहरूबिच समन्वयको कमी हुनु ।<br>❖ आम अभिभावकमा अझै पनि बाल अधिकारबारे पर्याप्त जानकारी एवं जनचेतनामा कमी ।<br>❖ बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा श्रोतको कमी ।<br>❖ बालक लवको क्षमता अभिवृद्धिका श्रोत साधनको कमी हुनु । |

| | |
|---|---|
| | ❖ अभिभावकले बालबालिकालाई कम ध्यान दिनु ।<br>❖ बालबालिकाहरूका लागि न्यूनतम बजेट विनियोजनको व्यवस्था नहुनु ।<br>❖ स्थानीय तहमा न्यूनतम सर्त र कार्य सम्पादन मापनको व्यवस्था नहुनु ।<br>❖ बालबालिकाहरू प्रति लगानीको पर्याप्त महत्त्व सरोकारवालाहरूलाई नहुनु । |

## ९. स्थानीय सरकारले बालबालिकाको क्षेत्रमा विनियोजित बजेट अन्तर्गतका क्रियाकलाप

| आर्थिक वर्ष | तातोपानी गाउँपालिकाको कुल पुंजीगत बजेट | बालबालिकाको क्षेत्रमा गरिएको बजेट विनियोजन | प्रतिशत |
|---|---|---|---|
| २०८०/०८१ | १७८,२५६,000.00 | ३४,५९४,४३८.४३ | १९.४१% |
| २०८१/०८२ | १७४,३१५,000.00 | ४३,३५१,९२९.९१ | २४.८७% |
| २०८२/२०८३ | १९७,०२६,000.00 | ५४,८७६,८४०.६० | २७.८५% |
| **जम्मा** | **५४९,५९७,000.00** | **१३२,८२३,२०८.९४** | **७२.१३%** |

तातोपानी गाउँपालिकाको बालबालिकाको क्षेत्रमा विनियोजन गरिएको बजेट आर्थिक बर्ष २०८०/०८१ मा ८५ प्रतिशत खर्च भयको देखिन्छ । आर्थिक वर्ष २०८१/०८२ मा ८५ प्रतिशत बालबालिकाको क्षेत्रमा खर्च भयको देखिन्छ ।

## १०. बजेट विनियोजनको श्रोत सुनिश्चितता

स्थानीय सरकारले बालबालिकाको क्षेत्रमा विनियोजन गर्ने बजेट सङ्घीय सरकारको अनुदान हुने गरेको देखिन्छ र सो रकम बढ्दै गएको छ । स्थानीय सरकारको आन्तरिक श्रोतको बजेट घटबढ भइरहेको र पछिल्लो आ.व. मा घटेको देखिन्छ । यद्यपि विद्यालय पूर्वाधार निर्माणमा भने स्थानीय सरकारले ठुलो लगानी गरेको देखिन्छ ।

## ११. तातोपानी गाउँपालिकामा बालबालिकाको क्षेत्रमा विनियोजित बजेटको क्षेत्रगत अवस्था

| आर्थिक वर्ष | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ |
|---|---|---|---|
| क) बाल बचाऊ | १८.६७ % | १५.३७% | १३.४५% |
| ख) बाल संरक्षण | ५.६५% | ८.८३% | २१.९८% |
| ग) बाल विकास | ३९.५0% | ५०.६५% | ४१.९१% |
| घ) बाल सहभागिता | ०.५८% | २.६७% | ३.९८% |
| ङ) संस्थागत विकास | ०.६८% | २.१४% | २.00% |
| च) भौतिक संरचना | ३४.९२% | २०.३०% | १६.६८% |
| **कुल बजेट** | **१००%** | **१००%** | **१००%** |

## १२. अध्ययनका निष्कर्षहरू

तातोपानी गाउँपालिकाले पछिल्लो आर्थिक वर्षमा बालबालिकाको क्षेत्रमा बजेटमा राखेका क्रियाकलाप सङ्ख्या बढाउँदै लगेको देखिन्छ । बालबालिकाको लागि विनियोजन हुने बजेट रकम प्रतिशतमा बर्दै गएको देखिन्छ ।

तातोपानी गाउँपालिकाले बालबालिकाको क्षेत्रमा बजेटमा राखेको क्रियाकलाप सङ्ख्या र बजेट रकम प्रतिशतमा बढाउँदै लगेको देखिन्छ ।

तातोपानी गाउँपालिकाको आन्तरिक श्रोतबाट विनियोजन कम भएको र प्रदेश र सङ्घीय सरकारको अनुदानबाट बाल केन्द्रित बजेटमा वृद्धि हुँदै गएको देखिएको छ ।

- तातोपानी गाउँपालिका ले बालबालिकाको क्षेत्रमा बजेट विनियोजन गर्दा नीतिगत क्षेत्रमा सबैभन्दा कम बजेट विनियोजन गरेका छन् भने बाल बचाउ, स्वास्थ्य र पोषण तथा बाल विकास, शिक्षा संस्थागत विकास भौतिक संरचना को क्षेत्रमा अधिकांश बजेट विनियोजन गरिरहेको देखिन्छ ।
- तातोपानी गाउँपालिकाले बजेट विनियोजन गर्दा केही बजेट शीर्षकहरूमा वास्तवमा के क्रियाकलाप गर्ने भनी खुलाइएको छैन । जस्तै बालमैत्री स्थानीय शासन प्रवर्द्धन भन्ने मात्र उल्लेख हुनु ।
- पछिल्लो आर्थिक वर्षमा दातृ निकाय एवं विकास साझेदारहरूसँग पनि समन्वय भई रातो किताब मै विकास साझेदारको नाम खुलाएर बजेट विनियोजन गर्ने गरिएको छ ।
- बालबालिकाको क्षेत्रमा बजेट विनियोजन सहितको रातो किताब तयार गर्दा बजेट बालबालिका लक्षित, लाभान्वित र सहभागी हुने हो वा होइन भन्ने कुरा स्पष्ट खुलाउन आवश्यक छ ।
- बालबालिकासँगको बजेट कार्यान्वयनका लागि एक छुट्टै वित्तीय बाल बजेट कोड आवश्यक छ ।
- स्थानीय तहले बालबालिकाको क्षेत्रमा विनियोजन गरेको बजेट र खर्च बजेटको छुट्टै वित्तीय प्रगति प्रतिवेदन तयार गर्न आवश्यक छ ।
- स्थानीय तहको आन्तरिक राजश्व प्रणालीमै सुधार ल्याउने, अधिकतम आन्तरिक राजश्व सङ्कलन गर्ने र आन्तरिक श्रोतबाट बालबालिकाको लागि विनियोजित बजेट प्रतिशत बढाउन आवश्यक छ ।
- सन्देशमुलक र जानकारीमूलक सामग्री प्रकाशन एवं प्रसारणको लागि बजेट विनियोजन गर्दा बालबालिका केन्द्रितको लागि अलग्गै बजेट विनियोजन गर्न आवश्यक छ। स्थानीय

तहले बालबालिका लक्षित क्रियाकलापहरूमा बालबालिकाको सहभागिता सुनिश्चितता गर्न आवश्यक देखिन्छ ।

- बालबालिका सम्बन्धी नीतिगत तथा संरचनागत क्षेत्रमा र बालबालिकाहरूको सवालहरू बालश्रम, बाल विवाहको विरुद्धमा जनचेतनामूलक कार्यक्रम सञ्चालनको लागि बजेट विनियोजनमा प्राथमिकता दिनुपर्ने देखिन्छ ।



फोटो आयोडिन सप्ताह कार्यक्रम



फोटो बाल क्लबका पदाधिकारी संग सेभ द चिल्डेन नेपाल प्रमुख



फोटो बाल भेला



फोटो बाल पत्रकार तालिम



फोटो बाल क्लवका पदाधिकारीसँग छलफल



फोटो बाल क्लबका पदाधिकारीसँग सेभ द चिल्डेन नेपाल प्रमुख



फोटो बाल भेलाका सवाल वडा कार्यालयलाई पेस गर्दै



फोटो दुर्गा बाल क्लव



फोटो बाल भेलाबाट आएका सवाल पालिका अध्यक्षज्यूसँग पेस गर्दै ।



फोटो बाल भेलाबाट आएका सवाल वडा अध्यक्ष ज्यूसँग पेस गर्दै ।




KIRDARC
...together for social justice